धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक     जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।
९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २२, अङ्क ३३५ ◆ २०८३ असार ७ गते आइतबार, Sunday, June 21, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/–

## बैंकिङ कसुर मुद्दाका फरार प्रतिवादी पक्राउ

काठमाडौं । बैङ्किङ कसुर मुद्दाका फरार प्रतिवादी पक्राउ परेका छन् । नेपाल प्रहरीको केन्द्रीय समाचार कक्षका अनुसार कागेश्वरी मनोहरा नगरपालिका-९ बस्ने धादिङ नीलकण्ठ नगरपालिका-८ रामकोटका बाबुराम श्रेष्ठलाई प्रहरीले पक्राउ गरेको छ । जिल्ला अदालत काठमाडौंको २०८१ फागुन ४ को फैसलाले उक्त मुद्दामा बिगोबापत दुई वर्ष कैद सजाय ठहर भई फरार रहेका उनलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको टोलीले काठमाडौं महानगरपालिका २७ महाबौद्धबाट पक्राउ गरेको हो । उनलाई फैसला कार्यान्वयनका लागि जिल्ला अदालत काठमाडौंमा पेस गरिएको छ ।

## महाधिवेशनका लागि चन्दा संकलन गरेको छैन : झा

भरतपुर । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का प्रवक्ता मनिष झाले पार्टीको प्रथम महाधिवेशनका लागि उद्योगी व्यापारी मार्फत चन्दा सङ्कलन नगरेको स्पष्ट पार्नुभएको छ ।

महाधिवेशन स्थलमा शनिबार सञ्चारकर्मीसँग कुरा गर्दै प्रवक्ता झाले महाधिवेशनका नाममा व्यापारी र घरना समूहलाई रसिद पठाउने अभ्यास अन्त्य गरिएको बताउनुभयो ।

"हामीले आफ्नो व्यवस्था आफैं गरेका छौं," उहाँले भन्नुभयो, "महाधिवेशनका लागि नै भनेर कुनै घराना व्यापारीलाई रसिद पठाएका छैनौं ।" महाधिवशेन सञ्चालनका लागि चार करोड रूपैयाँ लाग्ने अनुमान रास्वपाले गरेको छ । सो रकम सांसद, केन्द्रीय समिति, विभिन्न विभागका सदस्यबाट उठ्ने लेबी तथा महाधिवेशन प्रतिनिधिबाट उठ्ने उहाँले बताउनुभयो । "हामी सांसदले प्रतिमहिना रु १६ हजार ५०० उठाउँछौं । त्यहाँबाट महिनामा रु ३२ लाख सङ्कलन हुन्छ । केन्द्रीय सदस्यले वार्षिक रु २५ हजार सङ्कलन गर्दछौं," उहाँले भन्नुभयो, "महाधिवेशन प्रतिनिधिबाट नै रु डेढ करोड सङ्कलन हुन्छ ।" उहाँले शुभेच्छुकलाई आन्तरिक रूपमा 'क्युआर' पठाइएको बताउनुभयो ।

रास्वपामा लागेका अधिकांश व्यक्तिको आन्तरिक पेसा भएकाले चन्दा नै उठान नपरेको उहाँको भनाइ छ ।

रास्वपाका नेता तथा कार्यकर्ता यातायात र आवासको व्यवस्था आफैं गर्न सक्ने अवस्थामा रहेको प्रवक्ता झाले बताउनुभयो ।

## सम्बन्धित स्थानबाटै सम्परीक्षण गरिएकाले कक्षा १२ को नतिजा प्रकाशन छिटो भएको भनाई

काठमाडौं । शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले जनशक्ति थपेर सम्बन्धित स्थानमै सम्परीक्षणको व्यवस्था गरिएकाले कक्षा १२ को नतिजा प्रकाशन विगतमा भन्दा छिटो भएको बताउनुभएको छ ।

उक्त नतिजा 'हतारोमा वा असामान्य छिटो' आएको भन्ने प्रतिक्रियाका सम्बन्धमा शनिबार सामाजिक सञ्जाल मार्फत स्पष्ट पार्दै उहाँले विगतमा उत्तरपुस्तिका परीक्षणपश्चात् सम्परीक्षणका लागि सबै सामग्री काठमाडौं ल्याउने व्यवस्था रहेकामा यस वर्ष सम्बन्धित स्थानबाटै गर्न सकिने व्यवस्था मिलाइएको बताउनुभएको हो । "उत्तरपुस्तिका लामो समयसम्म रोकिराख्ने प्रवृत्तिमा नियन्त्रण गर्दै परीक्षण प्रक्रिया समयमै सुरु गरिएको हो । यसको अर्थ कसैलाई हतारहतार परीक्षण गर्न लगाइएको भने होइन", मन्त्री पोखरेलले भन्नुभयो, "परीक्षण कार्यलाई प्रभावकारी बनाउन विगतभन्दा बढी जनशक्ति परिचालन गरिएको थियो । प्रशासनिक तथा प्रक्रियागत ढिलासुस्ती पनि हुन दिइएको छैन ।" उहाँले पुनःयोग शुल्क गत वर्षको पूरक परीक्षादेखि नै लागू भएको पनि जनाउनुभएको छ । राष्ट्रिय परीक्षा बोर्डले यस वर्षको कक्षा १२ को नतिजा शुक्रबार सार्वजनिक गरेको थियो ।

मोटरसाईकल हरायो

सूचना प्रकाशित मिति २०८३।०३।०७

प्रस्तुत बिषयमा मिति २०८३ साल जेष्ठ २१ गते रातको ११ बजेको समय पछि का.जि.का.म.न.पा.-१६ म्हैपी कुमारी मन्दिर नजिकै घर अगाडी पार्किङ गरि राखेको अवस्थामा रातो कालो रंगको २२० सिसिको मोटरसाईकल हराएकोले देख्नुहुने वा भेट्नुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय अथवा तपशिल बमोजिक सम्पर्क नम्बरमा जानकारी गराईदिनुहुन अनुरोध गरिन्छ ।

**सवारी धनी** : रोहित थापा
**सवारी धनीको ठेगाना** : बेनिघाट रोराङ -३, धादिङ
**मोटरसाईकल नम्बर** : बागमती प्रदेश ०२-०६६ प ३२६८
**च्याचिस नम्बर** : MD2A13EXINCL82631
**ईन्जिन नम्बर** : DKXCNL36929
**सम्पर्क नम्बर** : ९८५१४००४६०

## हामी लोकतन्त्रप्रति प्रतिबद्ध छौँः सभापति लामिछाने

चितवन । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले आफ्नो पार्टी लोकतन्त्रबाट कहिल्यै विमुख नहुने बताउनुभएको छ ।

पार्टीको महाधिवेशनअघि शनिबार चितवनमा भएको बैठकमा उहाँले लोकतन्त्रबाट आफूहरू कदापि विमुख नहुने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो "सङ्घीय लोकतान्त्रिक गणतन्त्र, देशको संविधान मुलुकलाई अहिलेको अवस्थामा ल्याउन योगदान गरेकाहरूको जगमा हामी उभिएका छौं, हामीलाई यसमा गर्व छ । हामी गर्वका साथ यो परिवर्तनको सँघारमा उभिएका छौं । लोकतन्त्रबाट विमुख हुनेछैनौँ" आन्तरिक लोकतन्त्रलाई मजबुत पार्न सकिएन भने कुनै न कुनै बिन्दुमा पुगेर त्यसले दुर्घटना निम्त्याउने भन्दै उहाँले भन्नुभयो "एउटा घरमा पनि दुर्घटना र समाजमा हुने दुर्घटना भन्दा राजनैतिक पार्टीमा हुने दुर्घटनाको निकै ठूलो मूल्य चुकाउनु पर्ने हुन्छ ।" सचेत भएर अबका कदम चाल्नुपर्ने उहाँले बताउनुभयो ।



जुन भूमिकामा रहे पनि आफूलाई जिम्मेवार नागरिकका रुपमा प्रस्तुत गर्न पार्टीका नेता तथा कार्यकर्तालाई निर्देशन दिँदै सभापति लामिछानेले अस्वस्थ प्रतिस्पर्धाबाट टाढा रहनुपर्नेमा जोड दिनुभयो । पार्टीलाई अझ व्यवस्थित एवं गतिशील तुल्याउन अधिवेशन सफल हुने विश्वास पनि उहाँले व्यक्त गर्नुभयो ।

## लोकतान्त्रिक मूल्य, मान्यताको व्यावहारिक अभ्यास गराउन निर्वाचन अभ्यास

*प्रत्यूष समाचारदाता*

भक्तपुर । लोकतान्त्रिक मूल्य, मान्यता र निर्वाचन संस्कृतिको व्यावहारिक अभ्यास गराउने उद्देश्यले भक्तपुर-२, मिबाछेँस्थित एभरेस्ट इङ्लिस स्कुलमा विद्यालयस्तरीय निर्वाचन भव्य रूपमा सम्पन्न भएको छ ।

विद्यालयका चार सदन भानु, लक्ष्मी, लेखनाथ र मोतीका क्याप्टेन तथा भाइस क्याप्टेन चयनका लागि आयोजित निर्वाचनले राष्ट्रिय निर्वाचन प्रक्रियाको झल्को दिएको थियो । लोकतान्त्रिक चेतना, नेतृत्व विकास, सामूहिक कार्यभावना र सहकार्यको संस्कृति अभिवृद्धि गर्ने उद्देश्यले सञ्चालन गरिएको निर्वाचनमा कक्षा ६ देखि १० सम्मका ५९६ विद्यार्थी मतदाताका रूपमा सहभागी भएका थिए । निर्वाचनमा उम्मेदवारको नाम दर्ता, चुनाव चिह्न वितरण, प्रचारप्रसार, मतदान तथा मतगणना लगायत सम्पूर्ण प्रक्रिया विधिसम्मत र औपचारिक ढङ्गबाट सम्पन्न गरिएको विद्यालयले जनाएको छ । चुनावी अभियानका क्रममा उम्मेदवार तथा सदनका सदस्यहरूले उत्साहपूर्ण सहभागिता जनाएका थिए । मतदानअघि मतदाता शिक्षासम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरी मतदान प्रक्रिया, मत बदर हुन सक्ने अवस्था, निर्वाचन आचारसंहिता तथा स्वस्थ प्रतिस्पर्धाको महत्वबारे जानकारी प्रदान गरिएको थियो ।

निर्वाचन व्यवस्थापनको विशेष पक्षका रूपमा प्रमुख निर्वाचन आयुक्त, मतदान अधिकृत, पर्यवेक्षक तथा सुरक्षाकर्मीलगायतका सम्पूर्ण जिम्मेवारी विद्यार्थीहरूले नै निर्वाह गरेका थिए । मतदानको अघिल्लो दिन मतदाता परिचयपत्र वितरण गरिएको थियो । बिहान ११ बजेदेखि सुरु भएको मतदान शान्तिपूर्ण, मर्यादित र अनुशासित वातावरणमा सम्पन्न भएको थियो । मतदानपश्चात् मतपेटिका सिलबन्दी गरी विद्यालयका प्रिन्सिपल, प्रशासकीय प्रमुख, सहायक प्रिन्सिपल, पर्यवेक्षक तथा उम्मेदवार प्रतिनिधिको रोहवरमा मतगणना गरिएको थियो । निर्वाचनमा ८ पदका लागि २० जना उम्मेदवारबीच प्रतिस्पर्धा भएको थियो। निर्वाचित विद्यार्थी प्रतिनिधिहरूलाई विद्यालयका संस्थापक प्रिन्सिपल भक्तराज राजभण्डारीले प्रमाणपत्रसहित बधाई तथा सम्मान प्रदान गर्नुभएको थियो । सो अवसरमा निर्वाचित प्रतिनिधिहरूले विद्यालयको मूल्य, मान्यता र अनुशासनको पालना गर्दै जिम्मेवारीपूर्वक भूमिका निर्वाह गर्ने शपथसमेत लिएका थिए । विद्यालय प्रशासनले यस प्रकारको निर्वाचन अभ्यासले विद्यार्थीहरूमा नागरिक जिम्मेवारीबोध, नेतृत्व क्षमता तथा लोकतान्त्रिक संस्कार विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गरेको छ ।

## धादिङको ज्वालामूखीले ल्यायो ५७ करोड ९० लाख बजेट

*प्रत्यूष समाचारदाता*

धादिङबेशी । धादिङको ज्वालामूखी गाउँपालिकाले आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि ५७ करोड ९० लाख ५२ हजार २ सय रुपैयाँको बजेट, नीति तथा कार्यक्रम गाउँसभाबाट सर्वसम्मत रूपमा पारित गरेको छ ।

गाउँसभाको १७ औं अधिवेशनमा गाउँपालिका अध्यक्ष यामनाथ दनैले वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्नुभएको थियो भने उपाध्यक्ष धर्मबहादुर अर्यालले बजेट, आर्थिक ऐन र विनियोजन ऐन पेश गर्नुभएको थियो। गाउँसभाले ती प्रस्ताव सर्वसम्मत रूपमा पारित गरेको हो ।




पारित बजेटमध्ये चालुतर्फ ४३ करोड ७५ लाख २ हजार २ सय रुपैयाँ र पुँजीगततर्फ १४ करोड १५ लाख ५० हजार रुपैयाँ विनियोजन गरिएको छ। क्षेत्रगत रूपमा पूर्वाधार विकासमा सबैभन्दा बढी १४ करोड १५ लाख ५० हजार रुपैयाँ छुट्याइएको छ। सामाजिक विकासतर्फ ५ करोड १० लाख २३ हजार २ सय रुपैयाँ, कार्य सञ्चालन तथा प्रशासनतर्फ ८ करोड १५ लाख ७९ हजार रुपैयाँ, आर्थिक विकासतर्फ ९९ लाख ५० हजार रुपैयाँ र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रतर्फ ५६ लाख रुपैयाँ विनियोजन गरिएको गाउँपालिकाले जनाएको छ ।

गाउँपालिकाले शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पूर्वाधारलाई प्राथमिकतामा राख्दै नीति तथा कार्यक्रम अघि सारेको जनाएको छ। स्वास्थ्यतर्फ १५ शय्याको आधारभूत अस्पताल सञ्चालन, गर्भवती र सुत्केरीका लागि निःशुल्क एम्बुलेन्स सेवा, जटिल रोगका बिरामीलाई उपचार सहयोग र सुत्केरी पोषण कार्यक्रमलाई निरन्तरता दिने उल्लेख गरिएको छ । शिक्षातर्फ सामुदायिक विद्यालयको गुणस्तर सुधार, सूचना प्रविधि र कृत्रिम बौद्धिकतासम्बन्धी शिक्षक तालिम, विद्यार्थी दुर्घटना बीमा तथा 'एक विद्यालय एक नर्स' कार्यक्रमलाई व्यवस्थित गरिने नीति लिइएको छ ।

कृषितर्फ भूमि बैंक, करार खेती, चक्लाबन्दी खेती तथा स्थानीय उत्पादन प्रवर्द्धनका कार्यक्रम समेटिएका छन्। गाउँपालिकाले सुशासन र कर्मचारी उत्प्रेरणासम्बन्धी केही कार्यक्रम पनि अघि सारेको जनाएको छ । गाउँसभाको अवसरमा विभिन्न क्षेत्रमा उत्कृष्ट कार्यसम्पादन गरेका १९ जनालाई सम्मानसमेत गरिएको थियो ।

सम्पादकीय ....

## यथार्थलाई बुझ्नुपर्छ

आजको नेपाल बीपीको समयको नेपाल होइन । आजको नेपाल मदन भण्डारीको समयको नेपाल पनि होइन । आजको नेपाल जनयुद्ध सुरु भएको समयको नेपाल समेत होइन । आजको नेपाल डिजिटल रूपान्तरणतर्फ उन्मुख नेपाल हो । वैदेशिक श्रममा आधारित नेपाल हो । सामाजिक सञ्जालले प्रभावित नेपाल हो । कृत्रिम बुद्धिमत्ता, डेटा अर्थतन्त्र र विश्वव्यापी सूचना प्रवाहको युगमा प्रवेश गरिरहेको नेपाल हो ।

यस अर्थमा आजको नेपाल रेमिट्यान्समा निर्भर, तीव्र शहरीकरणबाट गुज्रिरहेको, प्रविधि–केन्द्रित नयाँ आर्थिक संरचनातर्फ उन्मुख समाज हो । यस्तो अवस्थामा पुराना वैचारिक ढाँचालाई जस्ताको तस्तै दोहोर्याउनु पर्याप्त हुँदैन । त्यसैले आज आवश्यक्ता भनेको पुनःसंश्लेषणको हो ।

नेपालमा समाजवादसम्बन्धी अधिकांश वैचारिक बहस अझै पनि भूमि सुधार, वर्ग संघर्ष, राज्य स्वामित्व र औद्योगिक उत्पादनजस्ता २०औं शताब्दीका मूल प्रश्नहरूमै केन्द्रित छन् । ती प्रश्नहरू आज पनि महत्त्वपूर्ण छन्, तर बदलिएको विश्वलाई केवल यिनै ढाँचाभित्र सीमित गरेर बुझ्न सकिँदैन ।

आजको संसार डेटा, कृत्रिम बुद्धिमत्ता, डिजिटल प्लेटफर्म, ज्ञान–आधारित उत्पादन, विश्वव्यापी श्रम बजार र प्रविधिमार्फत पुनर्संरचित भइरहेको छ । त्यसैले २१औं शताब्दीको नेपाली समाजवादको बहसले परम्परागत प्रश्नहरूसँगै नयाँ युगका असमानता, अवसर र शक्ति सम्बन्धलाई पनि विश्लेषण गर्न आवश्यक छ । अर्कोकुरा डिजिटल युगमा पनि समाजको आधारभूत संरचना वर्गीय नै रहन्छ, तर वर्गको स्वरूप उत्पादनका नयाँ साधन–डेटा, प्रविधि, प्लेटफर्म र वैश्विक श्रम प्रणाली–अनुसार रूपान्तरण भएको छ । त्यसैले आजको समाजवादले वर्ग विश्लेषणलाई अस्वीकार गर्न सक्दैन, बरु त्यसलाई नयाँ आर्थिक संरचनासँग पुनर्परिभाषित गर्नुपर्छ ।

२१औं शताब्दीको नेपाली समाजवादको आधार राज्यद्वारा सम्पूर्ण अर्थतन्त्र नियन्त्रण गर्ने पुरानो अवधारणा होइन । यसको आधार लोकतान्त्रिक राजनीतिक व्यवस्था, सामाजिक न्यायमुखी वितरण, उत्पादनशील सार्वजनिक र निजी क्षेत्रको सहअस्तित्व, ज्ञान र प्रविधिमा आधारित अर्थतन्त्र तथा राष्ट्रिय हितअनुकूल नियमनकारी राज्य हुनुपर्छ ।

यस अर्थमा आजको समाजवादको प्रश्न केवल स्वामित्वको प्रश्न होइन; क्षमता र अवसरको प्रश्न पनि हुनु पर्छ । यसको लक्ष्य सबैलाई समान परिणाम दिनु मात्रै होइन, बरु प्रत्येक नागरिकलाई आफ्नो क्षमता विकास गर्ने समान आधार सुनिश्चित गर्नु पनि हुनु पर्छ । गुणस्तरीय शिक्षा, स्वास्थ्य, सीप, डिजिटल पहुँच र अवसरमाथिको समान पहुँचविना आजको सामाजिक न्यायको लक्ष्य अधुरो रहन्छ ।

यसरी हेर्दा नेपाली विशेषताको समाजवादको आधार पाँच प्रमुख यथार्थमा निहित रहन्छ–पहिलो, बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक समाज । दोस्रो, लोकतान्त्रिक गणतन्त्र र संघीय संरचना ।

जहाँ सम्म लाग्छ - आजको यी यथार्थलाई बेवास्ता गरेर कुनै पनि समाजवादी मोडेल नेपालको सन्दर्भमा सफल हुन सक्दैन ।

### पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका "**प्रत्यूष राष्ट्रिय दैनिक** तपाईलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
**नीलकण्ठ -३,धादिङबेसी,**
**फोन ०१०-५२१४३०,९८५११२०८५०**
Email : pratyushdainik@gmail.com

## पूर्वीय दर्शनलाई अनुसन्धानको मूल आधार बनाउनुपर्छ



*डा तेजबहादुर कार्की*

आजको वैज्ञानिक युगमा अनुसन्धान भन्नासाथ हामी प्रायःपाश्चात्य सिद्धान्तमा आधारित एक प्रयोगशाला, तथ्याङ्क र मापनयोग्य परिणामलाई नै केन्द्रमा राख्ने गर्छौं ।

जब हामी कुनै अनुसन्धानको सुरुआत गर्छौं तब त्यो अनुसन्धानको सैद्धान्तिक आधारका लागि हाम्रो अवधारणासँग मिल्दोजुल्दो पाश्चात्य सिद्धान्त के छ, खोज्न थाल्छौं । त्यसैलाई आधार मानेर अनुसन्धान गर्छौं र निष्कर्ष निकाल्छौं ।

तर, अनुसन्धानको सुरुकै चरणमा हामीले हाम्रो पूर्वीय दर्शन कति सम्पन्न छ भनेर खोज्ने प्रयास भने गर्दैनौं । हामीले हाम्रो पूर्वीय दर्शनको गहन इतिहास, आध्यात्मिकता र चिन्तनले अनुसन्धानलाई नयाँ आयाम दिनसक्छ भन्ने विषयसम्मै पुग्दैनौं । पूर्वीय दर्शनलाई अनुसन्धानको मूल आधार बनाउनसक्ने प्रशस्त सैद्धान्तिक आधार हामीसँगै छन् ।

यदि पूर्वीय दर्शनको गहनतामाथि यथेष्ट चिन्तन अघि बढायौं र सैद्धान्तिक आवश्यकतामा यसको प्रयोग गर्यौं भने यसबाट हाम्रो शैक्षिक गतिविधिमा नयाँ आयाम त थपिनेछ । त्यसपछि विश्वसामु हाम्रो पूर्वीय दर्शनले दिने ज्ञानलाई नै एक प्रमाणित र प्रामाणिक सिद्धान्तका रुपमा स्थापना गर्न सक्नेछौं ।

पूर्वीय दर्शनको ज्ञानलाई अनुसन्धानसँग जोड्न सकेमा अनुसन्धानकर्ताको शैक्षिक जीवनमा ठूलो परिवर्तन ल्याई गुणात्मकता पनि थप्ने छ । साथै हाम्रै सभ्यता र मौलिकताको पूर्वीय दर्शनलाई प्रयोगमात्र गर्यौं भने पनि हाम्रो शिक्षा पद्दतिमा गुणात्मक परिवर्तन ल्याउन सकिनेछ । यसबाट विद्यार्थीको ज्ञानको दायरा अहिलेको भन्दा कैयौंगुणा फराकिलो बनाउन सघाउ पुग्नेछ ।

यसबाट अध्ययन अनुसन्धानकर्ताको शारीरिक र मानसिक स्वास्थ्यमा सकारात्मक परिवर्तन र अध्यात्मिक चेतना वृद्धि हुने त छँदैछ । यस्ता शैक्षिक जनशक्तिमा आउने यसप्रकारका परिवर्तनको अनन्त लाभ व्यक्तिमा मात्र सीमित नरहेर समाज र राष्ट्रसम्म नै पुग्नेछ ।

एकातर्फ हाम्रा दर्शन र सिद्धान्तहरु विश्वका अनुसन्धानदातासमक्ष छाउनेछन् भने अर्कातर्फ हाम्रा शैक्षिक जनशक्ति पनि सकारात्मक सोचले पूर्ण र अध्यात्मिक चेतले भरिपूर्ण भएर आउनेछन् ।

पूर्वीय दर्शन विशेषगरी वैदिक, बौद्ध, जैन र योग दर्शन, हजारौं वर्ष पुराना रहेको तथ्य त सबैमा विदितै छ । तर अहिलेसम्म यी ज्ञानका महासागरहरुलाई हामीले भने केवल धार्मिक मान्यताको परिधिभित्र मात्र सीमित पारिरहेका छौं । यी अद्वितीय दर्शनहरुले मानवीय चेतना, ज्ञानको स्वरूप, नैतिकता र सदाचार, ब्रह्माण्डीय सत्यको खोजी आदिलाई केन्द्रबिन्दु बनाएका छन् । यति सम्पन्न यी दर्शनलाई हामीले धर्म र पौराणिकतामा मात्र राखेर बुझ्न र अध्ययन गर्न खोज्दा हामी नै पछिपरिरहेको अनुभूति हुनु स्वाभाविकै हो । उपनिषद, पतञ्जलिको योगसूत्र, गीता, बुद्धका वचन, महावीर र अन्य धेरै ऋषिमुनि, सन्तहरुका अलौकिक उपदेश पूर्वीय ज्ञानका आधारस्तम्भ नै हुन् ।

यी दर्शनले व्यक्तिभित्रको आत्मज्ञान र बाह्य प्रकृतिबीचको सन्तुलनलाई बडो आकर्षक रुपमा जोड दिएका छन् । जुन कुरा एक अनुसन्धानको मूल मर्मसँग पनि मेल खान्छ । एक अनुसन्धानकर्ताले पनि '३ पी' अर्थात् ( पर्सन, प्लेस र प्रोबलम) को सूत्रः कुनै एक निश्चित भूगोलमा बस्ने व्यक्ति/समुदायले भोगेको वा अनुभव गरेको समस्यालाई आधार मानेर नै अनुसन्धान सुरु गर्ने हो ।

पूर्वीय दर्शनले दिने मुख्य ज्ञान भनेको आफूभित्रको सत्य बुझेर मात्र बाह्य सत्यको अनुभव सम्भव छ भन्ने नै हो । यसले आफैँमा अरुलाई खोज्नु अर्थात् आफूभित्रको सत्य नै अरुमा खोज्नु र तथ्य पत्ता लगाउनु हो भन्दछ । सारमा यसले बुझाउन खोजेको विषय भनेको सबै वस्तु आपसमा जोडिएका छन् (अन्तरसम्बन्धत्व), ज्ञानको अन्तिम लक्ष्य आनन्द र शान्ति हो, दुःखको मूल कारण आशक्ति र अज्ञानता हो, ध्यान, योग र आत्मचिन्तनबाट मात्र वास्तविक ज्ञान पैदा हुन्छ भन्ने हो । यही ज्ञानले नै कुनै एक अनुसन्धानकर्ताले कस्तो विषयमा अनुसन्धान गर्नुपर्छ र कसरी गर्नुपर्छ भन्ने वास्तविकतालाई निर्देशित गर्छ । यसमा अनुसन्धानका विधि त विषयवस्तुको गहिराइ अनुसारका हुने नै भए ।

पूर्वीय दर्शन केवल धार्मिक, पौराणिक आस्था मात्र होइन, नत सुन्ने परम्परा अर्थात् श्रुत ज्ञानहरुको सङ्ग्रह मात्र हो । यो त मानवीय पूर्ण चेतनाको परिष्कृतस्वरुप एवं जीवन रुपान्तरणको गहन र विशिष्ठ विज्ञान हो । यसले बाह्य संसारलाई भन्दाबढी आत्मअन्वेषण, विवेक र अनुभुतिलाई महत्व दिन्छ र जीवन र जगत्का जटिल समस्याहरूको पनि मूल कारण खोजेर समाधानका लागि आवश्यक दृष्टि प्रदान गर्दछ । हाम्रा छरिएर रहेका वैदिक, बौद्ध, जैन तथा अन्य दर्शन तथा दार्शनिक परम्पराका ज्ञानहरूलाई एकीकृत सिद्धान्तका रूपमा विकास गर्न सकिने अनेकन आधार र तथ्यहरु हामीसँगै छन् । यसो गर्न सकियो भने त्यसले केवल बौद्धिक सम्पदा समृद्ध बनाउने मात्र होइन, आधुनिक चुनौतीहरूको समाधानका लागि पनि मौलिक तथा वैचारिक आधारहरु निर्माण गर्न सक्दछ । मलाई लाग्दछ, पूर्वीय दर्शनले हामीलाई अनुकरणमा मात्र होइन, आफ्नै चिन्तन, विश्लेषण र आत्मबोधमा आधारित दार्शनिक आत्मनिर्भरतातर्फ उन्मुख गराउँछ ।

हालको प्रतिस्पर्धात्मक शिक्षा प्रणाली, आधुनिकीकरण र कृत्रिम बुद्धिमताले विद्यार्थीमा मानसिक दबाब बढाएको पक्कै छ । यो दबाबले उनीहरुलाई तनावसमेत दिन थालेको छ । यसकारण उनीहरु एकाग्र र धैर्य बन्न पनि सकिरहेका छैनन् । त्यसकारण आफ्ना जीवनमा सफलता र समृद्धिको खोजिका लागि उनीहरु दशतिर कुद्नुपर्ने अवस्था सिर्जना भएको छ । यो दौडधूपले उनीहरुलाई केही हदसम्म भौतिक सुख त दिएको छ, तर मानसिक रुपमा भने दुःखी बनाइदिएको छ ।

यस्तो अवस्थामा पूर्वीय ज्ञानको प्राप्तिले उनीहरुको व्यावहारिक पक्ष बलियो बनाउने छ । यसका लागि योग, प्राणायाम र आसनको वैज्ञानिक अध्ययन उचित हुन सक्छ । कुनै पनि व्यक्ति तथा अनुसन्धानकर्ताको बसाइको मुद्रा, सासको सजगता र नियमित योगले शरीरको रोग प्रतिरोधात्मक क्षमतामा वृद्धि गर्न सक्छ ।

हृदय स्वास्थ्य र ऊर्जाको स्तर सुधार गर्छ । पूर्वीय दर्शनले विशेषगरी ध्यान (मेडिटेसन) र सजगता (माइन्डफुलनेस) बाट तनाव, चिन्ता र अवसाद ( डिप्रेसन) घटाउन मद्दत गर्छ । अनुसन्धानकर्ताका लागि धेरै घण्टासम्म एकाग्र भएर काम गर्दा मानसिक थकान हुन्छ । यस्तो अवस्थामा बुद्धका शिक्षा 'सम्यक स्मृति (माइन्डफुलनेस)' ले यस्तो थकान घटाएर भावनात्मक सन्तुलन कायम राख्न सक्छ । अध्ययन अनुसन्धानकर्ताहरुका लागि यी पद्दतिहरु अहिले अचुक औषधि पनि बनिरहेका छन् ।

हाम्रा पूर्वीय दर्शनलाई सिद्धान्तका रुपमा स्थापित गर्न सकिने केही उदाहरणहरु जस्तैः गौतम बुद्धद्वारा प्रतिपादित चार आर्य सत्य बौद्ध दर्शनको मूल आधार हो । यी सत्यहरूले मानव जीवनको दुःख, त्यसको कारण, समाधान र समाधानतर्फ जाने मार्गलाई स्पष्ट व्याख्या गर्छन् । यसलाई मानव जीवनका दुःख बुझ्ने वा त्यसको निवारण गर्ने एक सिद्धान्तका रुपमा स्थापना गर्न सकिन्छ । यसो गर्दा हाम्रा लाखौं युवालाई दुःखको अनुभूतिबाट मुक्त गरेर शान्ति र सुखानुभूतिको मार्गमा डोर्याउन सकिन्छ । यो नै राष्ट्र निर्माणमा टेवा पुर्याउनसक्ने जनशक्ति हो । यसरी नै बुद्धका त्रिरत्न ('बुद्धम् शरणम् गच्छामी', 'धम्मम् शरणम् गच्छामी' र 'सङ्घम शरणम् गच्छामी') लाई ज्ञानको व्यवस्थापन वा ज्ञानको दिगोपनाको सिद्धान्त बनाउन सकिन्छ । मुण्डकोपनिषदमा ज्ञानलाई दुई भाग परा विद्या ( उच्च ज्ञान/आध्यात्मिक ज्ञान) र अपरा विद्या ( निम्न ज्ञान/सांसारिक ज्ञान) मा वर्गीकरण गरिएको छ । यसका आधारमा पनि ज्ञानको अध्ययन गर्न सकिन्छ ।

हाम्रो पूर्वीय दर्शनले जीवनका हरेक आयाम र अवस्थाको व्याख्या गरेको मात्र छैन, समस्याको समाधानका आधार पनि तयार पारेको छ । तर अब यसको गहन अध्ययन गरेर शिक्षा र अनुसन्धानमा समावेश गरी उच्च तहमा हुने अनुसन्धानमा सैद्धान्तिक आधार/ मार्गचित्र बनाउन जरुरी छ । यसका लागि प्राज्ञिक व्यक्ति तथा अनुसन्धानकर्ता हरुको जोडबल आवश्यक छ । पूर्वीय दर्शनलाई अनुसन्धानको मूल आधार बनाउनु भनेको प्राचीन ज्ञानलाई आधुनिक वैज्ञानिक पद्धतिसँगै समायोजन गर्नु पनि हो ।

यसले अनुसन्धानकर्तालाई केवल तथ्य सङ्कलन गर्ने मेसिन मात्र बनाउँदैन, बरु संवेदनशील, सन्तुलित र समाजोपयोगी चिन्तक बनाउँछ । नेपालजस्तो सनातन पूर्वीय ज्ञानको भूमिमा प्राज्ञिक व्यक्तिहरुले यस विषयमा राष्ट्रिय बहस थाल्नु अतिआवश्यक छ किनभने आजको युगलाई समृद्धि र शान्ति दिने तथा जीवन र जगत्का हर समस्याको समाधान दिनसक्ने अनुसन्धानको जग नै पूर्वीय दर्शन हुनसक्छ । (डा कार्की नेपाल फिलसफिकल रिसर्च सेन्टरका अध्यक्ष हुनुहुन्छ)



### अनलाइन ठगी हुनबाट बचौं

- **अपरिचित नम्बर वा आईडीबाट फोन वा म्यासेजमा प्रलोभन देखाएर ठगी हुन सक्छ ।**
- **अपरिचित ब्यक्तिलाई आफ्नो ईमेल वा अन्यको पासवर्ड,बैंकको युजर जस्ता संवेदनशिल सूचना नदिऔं ।**
- **बलियो पासवर्ड राखौं र समय समयमा परिवर्तन गरौं,**
- **आफ्ना सम्पूर्ण व्यक्तिगत विवरणको उचित संरक्षण गरौं,**
- **अनलाइन ठगी भएको वा हुन लागेको पाइएमा त्यस विरुद्ध नेपाल प्रहरी तथा साइवर ब्युरोमा उजुरी वा जानकारी गराऔं,**
- **अनलाइन ठगीबारे सबैलाई जागरुक गराऔं,**
- **अनलाइन ठगी साइबर अपराध हो, यसबाट आफू पनि जोगिऔं र अरुलाई पनि जोगाऔं ।**

नेपाल सरकार,
**विज्ञापन वोर्ड**

## हलगोरु पाल्ने ३८ किसानलाई प्रोत्साहन रकम वितरण

दमौली । परम्परागत कृषि प्रणालीको संरक्षण तथा किसानलाई खेतीपातीप्रति थप प्रोत्साहित गर्ने उद्देश्यले शुक्लागण्डकी नगरपालिका-१२ ले हल गोरु पाल्ने किसानलाई प्रोत्साहन रकम वितरण गरेको छ। वडाका ३९ जना किसानलाई प्रतिहल गोरु रु पाँच हजारका दरले प्रोत्साहन रकम प्रदान गरिएको हो ।

शुक्लागण्डकी नगरपालिकाको कृषि विकास शाखामार्फत सञ्चालित कार्यक्रमअन्तर्गत वडा नं १२ का किसानलाई बिहीबार नगद प्रोत्साहन वितरण गरिएको हो। वडाध्यक्ष इन्द्र गुरुङले किसानलाई रकम हस्तान्तरण गर्दै कृषि क्षेत्रलाई आत्मनिर्भर र उत्पादनमुखी बनाउन स्थानीय तहले विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको बताउनुभयो ।

गुरुङले आधुनिक प्रविधिको प्रयोगसँगै परम्परागत कृषि अभ्यासको संरक्षण पनि आवश्यक रहेको उल्लेख गर्दै गाउँघरमा खेतीपातीका लागि हल गोरुको प्रयोग क्रमशः घट्दै गइरहेको अवस्थामा यस्ता प्रोत्साहन कार्यक्रमले किसानलाई उत्साहित बनाउने विश्वास व्यक्त गर्नुभयो । "हाम्रा पुर्खादेखि चलिआएको कृषि प्रणाली र स्थानीय उत्पादनको आधार जोगाउन हल गोरुको महत्वपूर्ण भूमिका छ", ।

उहाँले भन्नुभयो, "किसानको मिहिनेत र योगदानको सम्मान गर्दै नगरपालिकाले यो कार्यक्रम सञ्चालन गरेको हो । आगामी दिनमा पनि किसानलक्षित विभिन्न सहयोग तथा प्रोत्साहनका कार्यक्रम समेत ल्याइनेछ ।"

उहाँले कृषि क्षेत्रलाई व्यावसायिक र उत्पादनमुखी बनाउन नगरपालिकाले बीउबिजन, तालिम, प्रविधि हस्तान्तरण तथा कृषि पूर्वाधार विकासका कार्यक्रमलाई समेत प्राथमिकतामा राखेको जानकारी दिनुभयो । नगरपालिकाका कृषि विकास शाखा प्रमुख दीपकुमार उपाध्यायले परम्परागत कृषि प्रणाली संरक्षण, स्थानीय जातका पशुपालन प्रवर्द्धन तथा किसानलाई खेतीमा निरन्तर लागिरहन उत्प्रेरित गर्न प्रोत्साहन रकम वितरण गरिएको बताउनुभयो । उहाँका अनुसार पछिल्ला वर्षहरूमा कृषि यान्त्रिकीकरण बढेसँगै हलगोरु पाल्ने किसानको सङ्ख्या घट्दै गएको छ। यद्यपि पहाडी तथा ग्रामीण क्षेत्रमा अझै पनि हलगोरु खेतीको महत्वपूर्ण आधारका रूपमा रहेको उहाँले उल्लेख गर्नुभयो ।

"परम्परागत कृषि प्रणाली हाम्रो कृषि संस्कृतिसँग जोडिएको विषय हो", उपाध्यायले भन्नुभयो, "हलगोरु संरक्षण गर्नु भनेको कृषि परम्परा, जैविक उत्पादन र ग्रामीण जीवनशैलीको संरक्षण गर्नु पनि हो । त्यसैले नगरपालिकाले किसानलाई प्रोत्साहन गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरेको हो ।"

प्रोत्साहन रकम प्राप्त गरेका किसानले स्थानीय सरकारले कृषि क्षेत्रलाई प्राथमिकतामा राख्दै किसानमैत्री कार्यक्रम सञ्चालन गरेकामा खुसी व्यक्त गरेका छन् ।

## पोखरा महानगर : एक पर्यटक एक मित्र अभियान चलाइने

कास्की । देशका छवटा महानगरमध्येमा भौगोलिक रूपमा सबैभन्दा ठूलो पोखरा महानगर पालिकाले आगामी आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम ल्याएको छ । पोखरा सभागृहमा बसेको १९औं नगरसभामा बिहीबार महानगर प्रमुख धनराज आचार्यले वार्षिक नीति कार्यक्रम प्रस्तुत गर्नुभयो ।

'समुन्नत पोखराको आधारः सबल अर्थतन्त्र र पूर्वाधार'को ध्येयका साथ समग्र पोखराको व्यवस्थित विकासका लागि आगामी वर्षको कार्यक्रमले सहयोग पुग्ने महानगर प्रमुख आचार्यले बताउनुभयो । "निर्वाचनको समयमा गरेका प्रतिबद्धताहरू आत्मसात् गरी समुन्नत पर्यटकीय पोखरा निर्माणको दीर्घकालीन लक्ष्य हासिल गर्न आगामी वर्षको कार्यक्रमले सहयोग पुग्नेछ", आचार्यले भन्नुभयो । महानगरले आगामी वर्षका लागि विभिन्न ३५ बुँदामा विशेष अभियान तथा प्रोत्साहन कार्यक्रम समेत ल्याएको छ ।

पोखरा भ्रमणमा आउने पर्यटकहरूलाई नागरिकस्तरबाट आवश्यक जानकारीसहित पोखरा भ्रमणको निम्तो दिने कार्यलाई अभियानका अगाडि बढाउन 'एक पर्यटक, एक मित्र अभियान' सञ्चालन गरिने महानगर प्रमुख आचार्यले बताउनुभयो । त्यसैगरी, सङ्घ र प्रदेश सरकारसँगको साझेदारीमा सर्वोच्च अदालतको आदेशानुसार फेवाताल संरक्षणसहित मापदण्ड कार्यान्वयन गर्ने र तालवरपर हरियाली क्षेत्र, सार्वजनिक पार्क तथा पर्यावरणीय पर्यटन पूर्वाधार निर्माणमा जोड दिइने प्रमुख आचार्यले बताउनुभयो ।

पोखरालाई अन्तरराष्ट्रिय पर्यटन गन्तव्यका रूपमा विकास गर्न ताल, हिमाल, संस्कृति र साहसिक पर्यटनको एकीकृत प्रवर्द्धन गर्ने तथा फेवाताल, बेगनासताल, रूपाताललगायत नगर क्षेत्रमा रहेका ताल तथा ऐतिहासिक पोखरीहरूलाई पर्यटकीय क्षेत्रका रूपमा सौन्दर्यकरण गर्दै पर्यावरणीय संरक्षणलाई प्राथमिकता दिइने नीति कार्यक्रममा उल्लेख छ ।

पोखरा-भरतपुर-लुम्बिनी 'सिल्भर ट्रियाङ्गल' अवधारणाअन्तर्गत संयुक्त पर्यटन प्रवर्द्धन कार्यक्रम सञ्चालन तथा त्रिपक्षीय भ्रमण आदानप्रदानलगायत पर्यटकीय वस्तु तथा सेवाको प्रवर्द्धनात्मक गतिविधिहरूलाई नीति कार्यक्रममा जोड दिइएको छ । महानगरका प्रत्येक वडा, विद्यालय, सामुदायिक वन तथा सार्वजनिक क्षेत्रमा वृक्षरोपण कार्यक्रम सञ्चालन गर्ने, महानगरपालिकाको मेगा वृक्षरोपण अभियानलाई थप प्रभावकारी रूपमा सञ्चालन गर्न आवश्यक सहकार्य गर्ने तथा महानगर क्षेत्रमा रहेका एक सय वर्ष पुराना ऐतिहासिक रुखहरूको अध्ययन र 'जिपिएस नक्साङ्कन'सहित अभिलेख तयार पारिने महानगर प्रमुख आचार्यले बताउनुभयो ।

ग्रीन शिक्षक तथा विद्यालय विकास अभियान, सीमानाकामा रिफ्रेसमेन्ट सेन्टर, एक वडा एक सार्वजनिक शौचालय अभियान तथा सुरक्षित सहर अभियान महानगरले सञ्चालन गर्ने नीति कार्यक्रममा उल्लेख छ । यसैगरी सबैभन्दा बढी वृक्षरोपण तथा हरियाली प्रवर्द्धन गर्ने तीन विद्यालय, तीन सरकारी कार्यालय, पाँच टोल विकास संस्था र सात आमा समूहलाई वार्षिक 'ग्रीन अवार्ड' प्रदान गरिने प्रमुख आचार्यले बताउनुभयो ।

महानगरले ल्याएको नीति तथा कार्यक्रममा महानगरपालिका र मातहत कार्यालयहरूमा सुशासन सुदृढीकरण तथा सेवाप्रवाहलाई व्यवस्थित, मितव्ययी, सरल, सहज र पारदर्शी तथा प्रविधिमैत्री बनाइने, महानगरलाई वित्तीय दायित्व पर्ने अनावश्यक संरचना खारेज गरी अनलाइन प्रणालीबाट प्रदान गरिने सेवा विस्तार गर्ने तथा भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता गर्ने उल्लेख छ ।

सार्वजनिक जग्गा तथा सम्पत्तिको संरक्षण तथा अतिक्रमण हटाउन विशेष अभियान सञ्चालन तथा सार्वजनिक जग्गाको अभिलेख व्यवस्थित गर्ने, फिर्केखोलाको खोलाघर तथा पोखरा बसपार्कको जग्गामा बनेका संरचना हटाउँदा विस्थापित भएकाहरूलाई व्यवस्थापन गर्ने तथा राष्ट्रिय तथा अन्तरराष्ट्रिय सहर तथा नगरहरूसँग भगिनी सम्बन्ध विस्तार गर्दै लगिने प्रमुख आचार्यले बताउनुभयो ।

शैक्षिक गुणस्तर सुधार र स्वच्छ प्रतिस्पर्धाका लागि कक्षा ८ को परीक्षालाई समूह विद्यालयको केन्द्र बनाई परीक्षा सञ्चालनलाई निरन्तरता दिइने तथा वार्षिक परीक्षामा उत्कृष्ट नतिजा हासिल गर्ने विद्यालय, विद्यार्थी, शिक्षकहरूलाई उचित प्रोत्साहन प्रदान र प्रध्यानाध्यापकहरूको कार्यसम्पादनको मूल्याङ्कनका आधारमा प्रोत्साहनको व्यवस्था गर्ने नीति कार्यक्रममा उल्लेख छ । स्वास्थ्य बिमा सेवालाई थप गुणस्तरीय बनाउँदै बिमा सञ्चालन भएका स्वास्थ्य संस्थाको कार्यक्षेत्रका सबै घरपरिवारमा स्वास्थ्य बिमा कार्यक्रम विस्तार तथा सङ्घीय तथा प्रदेश सरकारसँगको समन्वयमा नगर क्षेत्रमा सञ्चालनमा रहेका निजी स्वास्थ्य संस्था तथा औषधि पसलहरूको प्रभावकारी नियमन तथा अनुगमन प्रणाली सुदृढ गरिने उल्लेख छ ।

प्रदेश सरकारको समन्वयमा निजी तथा सरकारी संस्थामा १० प्रतिशत बेड निःशुल्क उपलब्ध हुने व्यवस्था कार्यान्वयन गरिने महानगरको नीति छ। महानगरका वडा केन्द्र जोड्ने 'कनेक्टिड सडक' र सहरी सडकहरूलाई क्रमशः अस्फाल्ट, कङ्क्रिटमा स्तरोन्नति गर्दै लैजाने र रणनीतिक महत्त्वका सडक तथा पुल निर्माणलाई प्राथमिकताका साथ अघि बढाउने तथा सहरी सडकलाई सङ्घ सरकार र प्रदेश सरकारको सहकार्यमा अस्फाल्ट कालोपत्र गरिने प्रमुख आचार्यले बताउनुभयो ।

सार्वजनिक निजी साझेदारीमा पातले छाँगोमा सिसा पुल निर्माण आयोजना सञ्चालनमा ल्याएर उत्कृष्ट पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने, फोहरमैला प्रशोधन केन्द्र र सेती खोंचमा 'क्यान्टिलिभिर वाक' निर्माण, व्यवस्थित वधशाला निर्माण, विन्ध्यवासिनी बसपार्कको स्तरोन्नति, बेगनासतालमा वाटर स्पोर्ट्स परियोजना सञ्चालन गरिने नीति कार्यक्रममा समावेश गरिएको छ ।

त्यसैगरी, नगर विकास कोष र एसियाली विकास बैंकसँगको साझेदारीमा आधुनिक र व्यवस्थित पोखरा बसपार्क र पोखरा सभागृह निर्माण सुरु गर्ने तथा बेगनासताल बसपार्क, पोखरा प्रवेश गर्ने नाकामा मिनी बसपार्क, मुक्तिक्षेत्र प्रवेशद्वार र नमुना अक्षराधाम निर्माणका लागि आवश्यक प्रक्रिया अगाडि बढाउने प्रमुख आचार्यले बताउनुभयो । सम्पदा तथा सांस्कृतिक पर्यटन क्षेत्रका रूपमा विकास गर्ने, महानगर क्षेत्रभित्र मनाइने परम्परागत जात्रा, पर्व, मेला, पूजा, जीवनशैली एवं अन्य सांस्कृतिक सम्पदाहरूको परिचयात्मक प्रोफाइल तयार तथा फिर्केखोलालाई प्राकृतिक सौन्दर्य, पर्यावरणीय सन्तुलन, पर्यटन र नागरिक जीवनशैलीसँग जोडेर नयाँ गन्तव्यका रूपमा विकास गरिने नीति कार्यक्रममा उल्लेख छ । फिर्केखोलाको दायाँ-बायाँ व्यवस्थित 'फुटट्रेल', सुरक्षित साइकल लेन, आकर्षक पदमार्ग निर्माणसहित हरियाली बेल्ट, ढुंगे तटबन्ध, वातावरण मैत्री सार्वजनिक खुला क्षेत्रले सजाउने प्रमुख आचार्यले बताउनुभयो ।

## उमेर पुगेर बिहे गर्ने छोरीलाई ५१ हजार नगद

महोत्तरी । अब महोत्तरीको बर्दिबास नगर क्षेत्रका २० वर्ष उमेर पुगेर विवाह गर्ने छोरी (महिला)ले रु ५१ हजार नगद प्रोत्साहन पाउने भएका छन् । नगरको १८औं नगरसभामा प्रस्तुत आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम एवं बजेट वक्तव्यमा यस्तो घोषणा गरिएको हो ।

"बालविवाह न्यूनीकरणका लागि यसपालि यस्तो प्रोत्साहनको व्यवस्था गरिएको हो", नगरप्रमुख प्रल्हादकुमार क्षेत्री भन्नुहुन्छ, "अब सुरु हुने नयाँ आर्थिक वर्ष २०८३/८४ मा यो प्रोत्साहन रकम उमेर पुगेर विवाह गर्ने नगर क्षेत्रका प्रत्येक छोरीले पाउनेछन् ।" यसले बालविवाहलाई निरुत्साहित गर्नसँगै कानुनअनुसार उमेर पुगेर विवाह गर्नुपर्छ भन्ने सचेतना अभिवृद्धिमा सघाउ पुग्ने क्षेत्रीको विश्वास छ । गत मङ्गलबार प्रस्तुत नीति तथा कार्यक्रमभित्रको यो व्यवस्थाबारे समाजका सबैतिरबाट हौसला पाइएको उहाँले बताउनुभयो । यसअघि २०८० साल चैत ५ गते नगर क्षेत्रका मुसहर समुदायलाई लक्षित गरी नगरप्रमुखले उमेर पुगेर विवाह गर्ने मुसहर जोडीलाई रु ५० हजार नगद प्रोत्साहनको घोषणा गर्नुभएको थियो । सोअनुसार हालसम्म बर्दिबास-१२ को एक जोडीले मात्र प्रोत्साहन रकमको दाबी गरेर लिएका नगर कार्यपालिका को कार्यालयको अभिलेखबाट देखिन्छ । जम्मा १४ वडाको नगरपालिका क्षेत्रमा सबैजसो वडामा मुसहर समुदायको बसोबास छ । तर यो उमेर पुगेर विवाह गर्नेलाई दिइने प्रोत्साहन रकम एक जोडीले मात्र लिनुले यिनीहरूमा अझै बालविवाह कायमै रहेको अड्कल गर्न सकिने बर्दिबास-२ का सामाजिक-राजनीतिक कार्यकर्ता देवनारायण महतो बताउनुहुन्छ। अहिले एक लाख हाराहारीको जनसङ्ख्या भएको नगरपालिकामा यहाँका १३ वडाहरू पछिल्ला दुई वर्षभित्र बालविवाहमुक्त वडा घोषणा भइसकेका छन्। अब बर्दिबास-१२ मात्र बालविवाह मुक्त क्षेत्र घोषणा हुन बाँकी छ । नगरले आउने आर्थिक वर्षदेखि लागू हुनेगरी निर्णय गरेको २० वर्ष उमेर पुगेर विवाह गर्ने छोरीलाई रु ५१ हजार प्रोत्साहन रकमको व्यवस्थाले सामाजिक सचेतना बढाउन सहज हुने अपेक्षा गरिएको छ ।

नगरका आमसमुदायका छोरीका लागि यो व्यवस्था भए पनि मुसहर समुदायको हकमा पुरुष, महिला दुवैले पाउने यसअघिदेखिको व्यवस्था कायम नै राखिएको नगरप्रमुख क्षेत्रीले स्पष्ट पार्नुभयो । मुसहर जाति समुदायमा बालविवाहका घटना बाक्लै पाइने हुँदा यसलाई नियन्त्रण गर्न पुरुष, महिला दुवैलाई प्रोत्साहन दिइने व्यवस्था कायम नै राखिएको उहाँको भनाइ छ । नगरपालिकाको यो नयाँ निर्णयलाई महिला अधिकारवादीहरूले सामाजिक सुधारमा सहयोग पुग्ने प्रतिक्रिया दिएका छन् ।

## काभ्रेमा २७ हजार परिचयपत्रको आवेदन



काभ्रेपलाञ्चोक । जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोकद्वारा चालु आर्थिक वर्षको जेठ मसान्तसम्म आठ हजार ६० नयाँ नागरिकता जारी गरेको छ । सोही अवधिमा २७ हजारभन्दा बढी जिल्लाका नागरिकले राष्ट्रिय परिचयपत्रका लागि आवेदन गरेको जनाइएको छ ।

कार्यालयद्वारा सार्वजनिक चालु आवको ११ महिनाको कार्यप्रगति विवरण अनुसार हालसम्म २० जनाले आमाको नामबाट नागरिकता लिएका छन् भने नयाँ नागरिकता लिनेभन्दा प्रतिलिपि बनाउनेको सङ्ख्या यस वर्ष पनि अधिक रहेको पाइएको छ । कार्यालयका तथ्याङ्कअनुसार गत साल साउनमा ८४४, भदौमा ५३८, असोजमा ४६२, कात्तिकमा ६८६, मङ्सिरमा ९२९, पुसमा ४२८, माघमा ८६४, फागुनमा ४०१, चैतमा ५१८, वैशाखमा ८३२ र जेठमा एक हजार ५५८ नागरिकता जारी भएको छ । यही अवधिमा नागरिकताको प्रतिलिपि लिनेको सङ्ख्या भने १० हजार ६९ रहेको छ। त्यसैगरी, गत साउनदेखि जेठसम्मको अवधिमा ३६ वटा गैरआवासीय नागरिकता जारी भएको छ भने नागरिकता परित्याग गर्नेको सङ्ख्या ४७ रहेको छ । यही अवधिमा आठ नागरिकता रद्द र आठ अङ्गिकृत नागरिकता जारी गरिएको कार्यालयको कार्यप्रगति विवरणमा उल्लेख छ ।

त्यस्तै, गत जेठसम्ममा राष्ट्रिय परिचयपत्रका लागि आवेदन दिनेको सङ्ख्या २७ हजार ३२५ रहेको छ । गत साउनमा मात्र यो सङ्ख्या तीन हजार ४५३ रहेको थियो भने भदौमा दुई हजार ८९७, असोजमा एक हजार ९६२ नागरिकले आवेदन दिएका थिए । यस्तै कात्तिकमा दुई हजार २९२ जनाले आवेदन दिएका थिए । मङ्सिरमा दुई हजार ७८९, पुसमा दुई हजार २४८, माघमा दुई हजार ५८३, फागुनमा एक हजार ४५९, चैतमा दुई हजार १२३, वैशाखमा दुई हजार १६४ र जेठमा तीन हजार ३५५ जनाले आवेदन दिएको जनाइएको छ ।

यही अवधिमा छ हजार ६१६ राष्ट्रिय परिचययपत्र कार्ड वितरण भएका छन् भने ५०१ दलित र जनजाति परिचयपत्र जारी भएको छ। कार्यालयका अनुसार १२ हजार ३७ राहदानीको आवेदन दर्ता भएकामा ११ हजार ५८२ कार्ड वितरण भएको छ भने सोही अवधिमा ५५७ नाबालक परिचयपत्र जारी भएको छ ।

त्यसैगरी, कार्यालयमा दर्ता १०२ मुद्दामध्ये ६७ वटा फछ्र्यौट भएको छ भने २११ ठाडो उजुरी दर्तामा २०१ वटा फछ्र्यौट भइसकेको जनाइएको छ। कार्यालयमा यस वर्ष १९ वटा नयाँ सङ्घसंस्था दर्ता भएका छन्, १९४ वटा नवीकरण भएका छन् । पाँचवटा हातहतियार नवीकरण भएको कार्यालयले जनाएको छ ।

कार्यालयले यही अवधिमा सहिद परिवार, द्वन्द्वपीडित परिवार र वैदेशिक रोजगारपीडित परिवारलाई रु एक करोड २१ लाख ३५ हजार ९८१ तथा विपद्मा परेकाका लागि रु २२ लाख ७५ हजार राहत वितरण गरेको छ। यस्तै कार्यालयले हालसम्म कुल रु छ करोड ५० लाख ६८ हजार ५२९ राजस्व सङ्कलन गरेको छ भने चालु खर्च रु दुई करोड ६३ लाख १५ हजार ४६६, पुँजीगत खर्च रु १० लाख ७४ हजार ११६ र विविध खर्च रु पाँच करोड २९ लाख ७० हजार २४९ भएको जनाएको छ । धरौटी विवरणबाट आम्दानी रु तीन करोड ५२ लाख ४७ हजार ७३३ प्राप्त भएको छ भने धरौटी फिर्ताबापत रु ३४ लाख नौ हजार ३९२ दिइएको छ । यही अवधिमा ३४५ पटक विशिष्ट व्यक्तिको भ्रमण भएको जनाइएको छ ।

कार्यप्रगतिबारे प्रमुख जिल्ला अधिकारी गोपालकुमार अधिकारीले कार्यालयबाट हुने सेवाप्रवाहलाई छिटोछरितो र सहज बनाउन थप प्रयास भइरहेको बताउनुभयो । "शान्ति-सुरक्षा र सेवा प्रवाहलाई प्राथमिकतामा राखेर काम गरिरहेका छौं, यसलाई थप चुस्त बनाउने प्रयास भइरहेको छ", उहाँले भन्नुभयो ।

## होल्डिङ सेन्टरमा बालबालिका लागि सरकारको पहल सकारात्मक

काठमाडौं । विभिन्न ‘होल्डिङ सेन्टर’मा रहेका बालबालिकाको आवास, मनोरञ्जन र शिक्षाका लागि सरकारको पहल सकारात्मक रहेको बालबालिकासम्बन्धी संस्थाहरूको सञ्जालको स्थलगत अध्ययनले देखाएको छ ।

बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान (सिजप) को संयोजनमा काठमाडौंको कीर्तिपुर, नागार्जुन तथा भक्तपुर र काभ्रेको वनेपामा रहेका होल्डिङ सेन्टरमा रहेका सुकुमवासी अभिभावक र बालबालिकाको अवस्थाको अध्ययन गरिएको हो ।

त्यहाँका बालबालिकालगायत सम्बद्ध पक्षको छलफलबाट सेन्टरमा आधारभूत सुविधाहरू उपलब्ध भएको र थप सुविधानका लागि तीनै तहका सरकार गम्भीर हुनुपर्ने अध्ययन प्रतिवेदनले जनाएको छ ।

ती सेन्टरमा बालबालिकालाई बस्नका लागि टेन्ट र म्याटको व्यवस्था, सामूहिक खाजा र पानीको व्यवस्था भएको, प्राथमिक स्वास्थ्य परीक्षण तथा औषधि व्यवस्थापनका लागि स्थानीय स्वास्थ्य संस्था तथा अस्पतालसँग समन्वय गरिएको देखिएको छ । तर औषधिको र रोग विशेषणको पोषणयुक्त खानाको अभाव रहेको पाइएको छ ।

केही बालबालिकालाई नजिकको विद्यालयमा भर्ना गराई यातायात, झोला, किताब तथा कपडाको व्यवस्था गरिएको र एकदुई जना महिलाको परिवारलाई रोजगारीको व्यवस्था गरिएको अध्ययनले देखिएको छ । एक क्षेत्रमा केही मनोरञ्जनात्मक क्रियाकलापलाई समेत बढाइएको तर औषत १५-१८ वर्ष उमेरका बालबालिकामा गर्मीले यस्तो गतिविधिमा असर परेको छ । ती सेन्टरमा प्रारम्भिक बालविकासदेखि कक्षा १२ सम्मका १०४ बालबालिका रहेको सो संस्थाले जनाएको छ । “सरकारको सहयोग र समन्वयकारी भूमिका रहेको छ । स्थानीय प्रशासन, प्रहरी निकाय, सङ्घसंस्था प्रभावकारी संस्थाबीचमा समन्वय देखिन्छ,” सिजपको प्रतिवेदनमा भनिएको छ, “तीन तहका सरकारबीच प्रभावकारी समन्वय, सहकार्य र समग्र रूपमा बहुपक्षीय कार्य योजना बनाएर काम गर्नुपर्ने देखिएको छ ।” सिजपका अध्यक्ष तिलोत्तम पौडेलले वास्तविक भूमिहीन तथा सुकुम्वासी परिवारको पहिचान गरी योग्यताका आधारमा स्थायी वैकल्पिक आवास र रोजगारी तथा बालबालिकाको विद्यालय भर्ना र शिक्षा निरन्तरताको व्यवस्था अविलम्ब गर्नुपर्ने पाइएको बताउनुभयो । उहाँले बालअधिकारसम्बन्धी अन्तरराष्ट्रिय सन्धि, नेपालको संविधान र बाल-अधिकारसम्बन्धी ऐन, २०७५ को व्यवस्था र मान्यताका आधारमा बालबालिकाको अधिकार रक्षार्थ आफूहरूले सङ्कलन गरेको अवस्था र सुधारका विषयलाई सम्बन्धित मन्त्रालय र निकायमा पठाइएको जानकारी दिनुभयो ।

बालबालिका, गर्भवती तथा सुत्केरी, बौद्धिक तथा शारीरिक अपाङ्गता, अशक्त भएका व्यक्तिहरूका निम्ति सुरक्षित आवास, पोषणयुक्त खाना, सरसफाइ सामग्री, स्वास्थ्य, सुरक्षा, मनोसामाजिक सहयोगलगायत आधारभूत आवश्यकता पूरा गर्न पनि भनिएको छ ।

होल्डिङ सेन्टरमा रहेका छ वर्षमुनिका बालबालिकाको सर्वाङ्गीण विकास र सर्वोत्तम हितका लागि पोषण, खेल, मनोरञ्जन, सुरक्षित वातावरण एवं विशेष आवश्यकतामा ध्यान दिन, सम्भावित यौन दुर्व्यवहार, बालविवाह, बालश्रम शोषण, बेचबिखन तथा ओसार-पसारलगायत जोखिमका बारेमा सचेत र सजग भई बालबालिकाको सुरक्षा र संरक्षण सुनिश्चित गर्न पनि प्रतिवेदनले सुझाव दिएको छ ।

## सिँचाइ, तटबन्ध र नदी व्यवस्थापन सरकारको प्राथमिकतामा

काठमाडौं । सरकारले आगामी आर्थिक वर्षमा थप १५ हजार ७७६ हेक्टर खेतीयोग्य जमिनमा सिँचाइ सुविधा विस्तार गरी देशको कुल सिञ्चित खेतीयोग्य क्षेत्र ६४ प्रतिशत पुर्‍याउने लक्ष्य निर्धारण गरेको छ ।

ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयले सिँचाइ विस्तार, नदी नियन्त्रण तथा राष्ट्रिय गौरवका आयोजनाको कार्यान्वयनलाई उच्च प्राथमिकतामा राखेको छ । हाल देशभर कुल १५ लाख ८७ हजार ९१० हेक्टर जमिनमा सिँचाइ सुविधा पुगेको छ ।

सिँचाइयोग्य भूमिमध्ये वर्षभरि नै सिँचाइ सुविधा पुगेको भूमि पाँच लाख ३२ हजार ९० हेक्टर रहेको छ । कृषियोग्य जमिनमा लिफ्ट र जलाशय सिँचाइ सुविधा पाँच हजार ६७१ हेक्टरमाा पुगेको छ । निर्माणमा क्रममा रहेका तथा मर्मत सम्भार गर्नुपर्ने आयोजनालाई पनि उत्तिकै प्राथमिकतामा राखिएको ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री विराज भक्त श्रेष्ठले जानकारी दिनुभयो ।

उक्त मन्त्रालयका अनुसार सङ्घीय सरकारको कार्यक्षेत्रभित्र पर्ने ८४ वटा नदीमा हालसम्म एक हजार ५२४ किलोमिटर तटबन्ध निर्माण सम्पन्न भइसकेको छ । सो कार्यबाट १३ हजार ८२१ हेक्टर जग्गा उकासिएको छ । आगामी आर्थिक वर्षमा थप ७० किलोमिटर तटबन्ध निर्माण सम्पन्न गरी २१० हेक्टर जमिन उकास्ने लक्ष्य राखिएको मन्त्रालयले जनाएको छ ।

सरकारले सिँचाइ क्षेत्रका पुराना तथा रणनीतिक महत्वका आयोजनालाई समयमै सम्पन्न गर्न विशेष जोड दिइएको मन्त्री श्रेष्ठको भनाइ छ । निर्माण व्यवसायीका कारण गति लिन नसकेको भेरी-बबई ‘डाइभर्सन’ बहुउद्देश्यीय आयोजना र सुनकोशी-मरिन डाइभर्सन आयोजनालाई गति दिन सम्पूर्ण जोडबल लगाउने मन्त्रालयले तयारी गरेको छ ।

सिक्टा सिँचाइ आयोजना, तथा रानी-जमरा-कुलरिया सिँचाइ आयोजनालाई उच्च प्राथमिकतामा राखिएको छ । सुनसरी-मोरङ सिँचाइ आयोजना, चन्द्र नहर, कमला सिँचाइ, नारायणी सिँचाइ आयोजना, गण्डक सिँचाइ प्रणाली तथा कोशी पम्प सिँचाइको मर्मत, सम्भार र पुनर्स्थापनालाई समेत प्राथमिकतामा राखिएको छ । सिँचाइका राष्ट्रिय गौरवका आयोजनाका लागि मात्रै रु १० अर्ब २४ करोड ६८ लाख बजेट विनियोजन गरिएको मन्त्रालयले जनाएको छ ।

सतह सिँचाइबाट सुविधा पुग्न नसकेका क्षेत्रमा भूमिगत जल र लिफ्ट सिँचाइ प्रणालीको विकासलाई पनि प्राथमिकतामा राखिएको छ । तराई-मधेसका करिब तीन लाख १८ हजार हेक्टर कृषियोग्य जमिनमा उपलब्ध भूमिगत जलभण्डारलाई उपयोग गरी क्लस्टरमा आधारित भूमिगत जल सिँचाइ प्रणाली विकास गर्न रु एक अर्ब ८४ करोड बजेट विनियोजन गरिएको छ ।

यसैगरी, सिँचाइ सुविधा नपुगेका कृषियोग्य टार क्षेत्रमा लिफ्ट प्रविधिमार्फत सिँचाइ विस्तार गर्न रु ८० करोड २८ लाख विनियोजन गरिएको छ । यो कार्यक्रमबाट कृषि उत्पादन वृद्धि हुनाका साथै स्थानीय स्तरमा रोजगारी सिर्जना र उद्यमशीलता प्रवर्द्धनमा योगदान पुग्ने विश्वास गरिएको छ । कर्णाली प्रदेशमा नागरिकको जीवनस्तर उकास्न, खाद्य सुरक्षा सुदृढ गर्न तथा स्थानीय बाली संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्यले एकीकृत कर्णाली सिँचाइ विकास तथा नदी नियन्त्रण कार्यक्रम सञ्चालन गरिने छ । यसका साथै नदी बेसिन तथा टार-बजार संरक्षण कार्यक्रम र भेरी कोरिडोर सिँचाइ तथा नदी व्यवस्थापन आयोजनाका लागि रु ९२ करोड २३ लाख बजेट विनियोजन गरिएको छ ।

नदीलाई जलस्रोतको मात्र आधार नभई मानव सभ्यता, संस्कृति, जैविक विविधता र मानव अस्तित्वसँग जोडिएको सम्पदाका रूपमा संरक्षण गर्ने राष्ट्रिय नीति अवलम्बन गरिएको जनाइएको छ । धार्मिक, सांस्कृतिक, पर्यावरणीय तथा सामाजिक महत्व बोकेका नदीको वैज्ञानिक अध्ययन गर्ने, नदीसँग जोडिएका आदिवासी समुदायका परम्परा, जीवनशैली र आध्यात्मिक मूल्यलाई राष्ट्रिय सम्पदाका रूपमा संरक्षण गर्ने कार्यक्रम पहिलो पटक समावेश गरिएको छ ।

## कृषि क्षेत्रको उन्नयनका निम्ति हरसम्भव प्रयत्न गरिरहेको भनाई

नारायणगढ । कृषि तथा वन विज्ञान विश्वविद्यालयको पाँचौं दीक्षान्त समारोह शनिबार चितवनमा सम्पन्न भएको छ । विश्वविद्यालयबाट दुई हजार १९३ विद्यार्थी दीक्षित भएका छन् ।

त्यस अवसरमा विश्वविद्यालयका सहकुलपति शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले मुलुकको भविष्य कृषिको विकासबाट उज्ज्वल हुने भएकाले सरकारले यस क्षेत्रको उन्नयनका निम्ति हरसम्भव प्रयत्न गरिरहेको बताउनुभयो । चितवनको परिचय कृषि तथा वन विज्ञान विश्वविद्यालय भएको बताउँदै उहाँले दीक्षित विद्यार्थीलाई प्राप्त शैक्षिक उपाधि केवल प्रमाणपत्रमात्र नभई राष्ट्रप्रतिको जिम्मेवारी, समाजप्रतिको उत्तरदायित्व र भावी पुस्ताप्रतिको प्रतिबद्धताको प्रतीक मानेर तदनुरुप काम गर्न अनुरोध गर्नुभयो । विश्वविद्यालयबाट आर्जित ज्ञान, सीप, अनुसन्धान क्षमता र व्यावसायिक दक्षताले देशको कृषि, पशुपालन तथा प्राकृतिक स्रोत व्यवस्थापन मा नयाँ युगको सुरु गर्न सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले मुलुकको आर्थिक रूपान्तरणका लागि कृषि क्षेत्र नै मुख्य आधार भएकाले कृषि रूपान्तरणको आधार विज्ञान, प्रविधि र दक्ष जनशक्ति हो भन्नुभयो । प्रमुख अतिथि लद्दाख विश्व विद्यालयका उपकुलपति प्राध्यापक साकेत कुसवाहाले नेपाल र भारतबीचको साझा सांस्कृतिक, दार्शनिक तथा ज्ञान परम्पराको चर्चा गर्दै शिक्षा नै मानव जीवनको मार्गदर्शक प्रकाश हो भन्नुभयो ।

विश्व विद्यालयका उपकुलपति प्रा होमबहादुर बस्नेतले दीक्षित विद्यार्थीहरूलाई केवल रोजगारी खोज्ने नभई रोजगारी सिर्जना गर्ने उद्यमी बन्न आग्रह गर्नुभयो । प्रा सुवीर सिंहका अनुसार स्नातक तहमा एक हजार ८३६, स्नातकोत्तर तहमा ३२७ र ३० जनाले विद्यावारिधि उपाधि हासिल गरेका छन् ।

## ऊर्जामन्त्रीद्वारा मर्स्याङ्दी विद्युत्गृह निरीक्षण

दमौली । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले मर्स्याङ्दी जलविद्युत् आयोजनाको विद्युतगृहको निरीक्षण गर्नुभएको छ ।

मन्त्री श्रेष्ठले विद्युत्गृहका विभिन्न संरचना, उपकरण तथा सञ्चालन अवस्थाबारे आयोजनाका प्राविधिक कर्मचारीसँग जानकारी लिनुभएको हो । त्यस अवसरमा मन्त्री श्रेष्ठले देशको ऊर्जा सुरक्षामा जलविद्युत् आयोजनाहरूको महत्वपूर्ण भूमिका रहेको उल्लेख गर्दै उत्पादन क्षमता वृद्धि तथा पूर्वाधार सुदृढीकरणमा ध्यान दिनुपर्नेमा जोड दिनुभयो । मन्त्री श्रेष्ठलाई आयोजनाका निमित्त प्रमुख शेरमहम्मद हुसैनले विद्युत्गृहका बारेमा जानकारी गराउनुभएको थियो । यहाँबाट ६९ मेगावाट विद्युत् उत्पादन हुँदै आएको छ ।

## म्याग्दी हुँदै सात लाख पर्यटक मुस्ताङ पुगे

म्याग्दी । म्याग्दीको उत्तरी क्षेत्रमा पर्ने रघुगङ्गा र अन्नपूर्ण गाउँपालिका हुँदै बेनी-जोमसोम सडक भएर चालु आर्थिक वर्ष २०८२/८३ को ११ महिनामा सात लाखभन्दा बढी पर्यटक मुस्ताङ पुगेका छन् । म्याग्दीको सिमानामा पर्ने मुस्ताङको घाँसास्थित सीमा प्रहरीचौकीको तथ्याङ्क अनुसार चालु आवको साउनदेखि जेठसम्म सात लाख पाँच हजार ७५४ स्वदेशी र विदेशी पर्यटक मुस्ताङ प्रवेश गरेका हुन् ।

यो सङ्ख्या गत आर्थिक वर्षको १२ महिनाको बराबर हो । मुस्ताङलाई राष्ट्रिय राजमार्गसँग जोड्ने एकमात्र बेनी-जोमसोम सडक भएर मुस्ताङ भित्रने नाकामा पर्ने घाँसामा प्रहरीले सवारीसाधन मार्फत भित्रने पर्यटकको अभिलेख राख्ने गरेको छ ।

एघार महिनामा एक लाख ५१ हजार १६० सवारीसाधनमार्फत चार लाख ६० हजार ९२४ स्वदेशी र दुई लाख ४४ हजार ८३० विदेशी पर्यटक मुस्ताङ भित्रिएका जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक सन्तोष बस्यालले जानकारी दिनुभयो । उहाँका अनुसार सबैभन्दा बढी गत जेठमा २७ हजार ४८८ सवारीसाधन मार्फत ९० हजार ९३९ विदेशी र ४० हजार ८३८ स्वदेशी पर्यटक मुस्ताङ भित्रिएका छन् । भारत सरकारले लिएको डलर बचत गर्ने नीतिका कारण गर्मीमा पोखरा, मुस्ताङलगायत ठाउँमा भारतीय पर्यटकको चाप बढेको छ । लगातार चार दिन सार्वजनिक बिदा परेको जेठ तेस्रो साता नेपाली पर्यटकको रोजाइमा मुस्ताङ परेको थियो । पर्यटकको चापका कारण बेनी-जोमसोम सडकमा पर्ने बेनी, गलेश्वर, तातोपानी, दानाका होटल भरिभराउ हुने गरेका छन् । बर्खायामको सुरुआती समयको अनुकूल वैशाख-जेठमा मुस्ताङ भ्रमण गर्नेको घुइँचो बढ्ने गरेको हो । मुस्ताङ भित्रिएका बाह्य पर्यटकको सङ्ख्यामध्ये करिब ८० प्रतिशत भारतीय पर्यटक हुने गरेका प्रहरी निरीक्षक बस्यालले बताउनुभयो । गत आर्थिक वर्षमा सात लाख पाँच हजार ७७९ जना पर्यटकले मुस्ताङको भ्रमण गरेका थिए ।

वारागुङ मुक्तिक्षेत्र गाउँपालिका-१ मा अवस्थित पवित्र धार्मिक तीर्थस्थल मुक्तिनाथ मन्दिरको दर्शन गर्ने उद्देश्यले भारतीय र नेपाली पर्यटक मुस्ताङ आउने गर्दछन् । यसका साथै कागबेनीधाममा श्राद्ध र तर्पण गर्ने, कोरला नाका र लोमान्थाङको अवलोकन गर्ने उद्देश्यले मुस्ताङमा पर्यटकको उपस्थित हुने गरेको हो ।

पृथक भूगोल, जैविक विविधता, प्राचीन कला संस्कृति, रहनसहन, हिमाली सौन्दर्यता र यहाँको विशेष प्रकारको मौलिकताका कारण मुस्ताङमा पर्यटकीय आकर्षण बढ्दै गएको छ ।

## एक विद्यालय एक करेसाबारी सञ्चालन गरिने

नवलपुर । नवलपरासी (बर्दघाट-सुस्तापूर्व)को गैंडाकोट नगरपालिकाले एक विद्यालय एक करेसाबारी कार्यक्रम सञ्चालन गर्ने भएको छ । पालिकाले आगामी वर्षदेखि विद्यालयमा बालमैत्री शैक्षिक वातावरण साथै वातावरणीय अनुकूलन सौन्दर्यकरणमार्फत हरित विद्यालयको अवधारणा कार्यान्वयन गर्ने अवधारणा ल्याएको हो ।

गैंडाकोट नगरपालिकाका प्रमुख मदनभक्त अधिकारीले विद्यार्थीलाई ‘पढ्दै कमाउँदै’ कार्यक्रमद्वारा उद्यमशीलता तथा उत्पादनसँग जोड्ने र शिक्षकलाई प्रविधिसँग जोड्ने क्रियाकलाप सञ्चालन गरिने बताउनुभयो । उहाँले पालिकाभित्र हुने उत्पादनलाई पाठ्यसामग्रीका रूपमा प्रयोग गरिने उल्लेख गर्नुभयो । बृहत् विद्यालय सुरक्षा कार्यक्रमअन्तर्गत पालिकाले विद्यालयमा सुरक्षित बालमैत्री, अपाङ्गमैत्री र प्रविधिमैत्री भौतिक संरचना निर्माण, मर्मतसम्भार तथा सेवासुविधा विस्तारमा ध्यान दिइने अधिकारीको भनाइ छ । शुक्रबार आगामी आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दै नगरप्रमुख अधिकारीले पालिकाभित्र सामुदायिक विद्यालयलाई विद्यार्थीको सङ्ख्या र आवश्यकताका आधारमा विद्यालय समायोजन गर्दै आवासीय विद्यालय र ‘बिग स्कूल’ सञ्चालनको नीति लिइएको बताउनुभयो । सामुदायिक विद्यालयले आधारभूत तह (कक्षा ८) सम्म कुनै पनि शीर्षकमा विद्यार्थीसँग शुल्क लिन नपाउनेगरी पालिकाले बजेट व्यवस्थापन गरेको उहाँले जानकारी दिनुभयो ।

पालिकाको शैक्षिक गुणस्तर वृद्धि गर्नका लागि वार्षिक रूपमा वर्ष उत्कृष्ट शिक्षक, उत्कृष्ट विद्यार्थी र उत्कृष्ट वर्ष विद्यालय घोषणा गरी सम्मान तथा पुरस्कार प्रदान गरिने नगरप्रमुख अधिकारीले बताउनुभयो । आधारभूत तहसम्मका विद्यालयका विद्यार्थीलाई टिकाइराख्न पोषणयुक्त दिवा खाजा कार्यक्रमलाई थप प्रभावकारी रुपमा अगाडि बढाउने उहाँले उल्लेख गर्नुभयो ।

त्यस्तै, पालिकाभित्रका सबै विद्यालयलाई ‘जङ्क फुड’ पत्रु खाना निषेधित क्षेत्र घोषणा गर्दै विद्यालयको १०० मिटरको वरिपरि क्षेत्रमा मदिरा र सूर्तिजन्य वस्तु बेचबिखनमा पूर्ण रुपमा प्रतिबन्ध लगाउने अधिकारीको भनाइ छ । ‘गैंडाकोटको इच्छाः गुणस्तरीय शिक्षा’ भन्ने नाराका साथ शिक्षा क्षेत्रमा गतिविधि केन्द्रित गरिने भन्दै उहाँले यसअनुरुप व्यावहारिक र प्राविधिक शिक्षामा जोड दिइने बताउनुभयो । त्यस्तैगरी, पालिकाको वडा नं ३ र १८ का गर्भवती, सुत्केरी तथा अपाङ्गता भएका व्यक्तिका लागि निःशुल्क एम्बुलेन्स, ४० वर्षभन्दा माथिका नागरिक लक्षित क्यान्सर, मधुमेह तथा उच्च रक्तचापको निःशुल्क परीक्षण तथा स्वास्थ्य शिविर सञ्चालन गर्नेगरी नीति तथा कार्यक्रम प्रस्तुत गरिएको छ ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालयःनीलकण्ठ न.पा–३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०–५२१४३०, ०१०–५९०४३०
सम्पादक : सुजन रेग्मी, Email : pratyushdainik@gmail.com